annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ११६ पृष्ठ ८ | काठमाडौं, शनिवार ७ भदौ २०८२ | भाद्र कृष्णपक्ष औंशी नेपाल संवत् ११४५ | SATURDAY, AUGUST 23, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी



## मधेस झर्‍यो तिज

१० वर्ष अघिसम्म पनि दर खाने र महिलाहरू छमछमी नाच्ने चलन थिएन- मधेसमा। विशुद्ध व्रत, उपासना र पूजापाठमा सीमित थियो तिज। तर, आजभोलि मधेसका महिलाहरू पनि दर खाँदै, मनका बह पोख्दै, सुखदु:ख साटासाट गर्दै तिज मनाउन थालेका छन्। त्यसैकारण मधेसमा पनि तिज महिलाको सम्मान र स्वतन्त्रताको प्रतीकका रूपमा व्यापक बन्दै गएको छ।

मनिका झा | *जनकपुरधाम*

- को रिपोर्ट

समाचार पृष्ठ २

भित्री पृष्ठ



पारिवारिक मिलनको दिव्यव्रत - पृष्ठ ३



सहरलाई घाँस बेचिरहेकी गाउँले आमा - पृष्ठ ४



'भयंकर आश्रम', जहाँ बने राणाशासन अन्त्यका योजना - पृष्ठ ५



जनप्रतिनिधिको लोभलाग्दो ड्र्यागन खेती - पृष्ठ ७

# गाजामा अनिकाल घोषणा

एजेन्सी | *रोम*

संयुक्त राष्ट्रसंघले शुक्रबार गाजामा अनिकालको औपचारिक घोषणा गरेको छ। राष्ट्रसंघका उच्च अधिकारीहरूले युद्धग्रस्त प्यालेस्टिनी क्षेत्रमा सहायता वितरणमा इजरायलले 'सुनियोजित अवरोध' पुर्‍याएको आरोप लगाएका छन्। यससँगै राष्ट्रसंघले अनिकालको घोषणा गरेको हो।

तर, इजरायलको विदेश मन्त्रालयले राष्ट्रसंघको घोषणाप्रति तीव्र असन्तुष्टि जनाएको छ। गाजा सहर र आसपासमा अनिकाल परेको घोषणा 'निहित स्वार्थ भएका संगठनहरूमार्फत हमासको झुटमा आधारित' रहेको मन्त्रालयको दाबी छ। 'गाजामा कुनै अनिकाल छैन,' मन्त्रालयले भनेको छ। मध्यपूर्वमा अनिकाल परेको र पाँच लाख मानिसले 'विनाशकारी' भोकमरीको सामना गर्नुपरेको विज्ञहरूले जानकारी दिएका छन्।

आसन्न संकटबारे चेतावनी दिने जिम्मा पाएको राष्ट्रसंघको अनुगमनकर्ताहरूको गठबन्धन 'इन्टिग्रेटेड फुड सेक्युरिटी फेज क्लासिफिकेसन इनिसियटिभ (आईपीसी)' ले अनिकालको आकलन गरेको थियो। आईसीपीले २० प्रतिशत



घरधुरीमा खाद्यान्नको चरम अभाव हुँदा अनिकाल हुने भनी परिभाषित गरेको छ। गाजामा पाँच वर्षमुनिका ३० प्रतिशत बालबालिका कुपोषित छन्। प्रत्येक १० हजार मानिसमध्ये कम्तीमा दुईजनाको दैनिक भोकमरी वा कुपोषण र रोगका कारण मृत्यु हुने गरेको छ। राष्ट्रसंघका निकायहरूले इजरायलले हमासविरुद्ध आक्रमण तीव्र पारेपछि अवस्था झनै बिग्रिएको र गाजामा महिनौंदेखि मानवीय अवस्था दयनीय बन्दै गएको बताएका छन्।

रोमस्थित आईपीसीले भनेको छ, 'सन् २०२५ अगस्ट १५ सम्ममा गाजाको प्रशासनिक प्रान्तमा अनिकाल (आईपीसी चरण ५) उचित प्रमाणसहित पुष्टि भएको छ।' संयुक्त राष्ट्रसंघको अनुमानअनुसार हाल गाजा क्षेत्रमा करिब १० लाख मानिस बसोबास गर्छन्। 'पछिल्लो २२ महिनाको निरन्तर द्वन्द्वपछि गाजापट्टीका पाँच लाखभन्दा बढी मानिस भोकमरी, गरिबी र मृत्युको भयावह अवस्थाको सामना गरिरहेका छन्,' आईपीसीको दण्ड संहिताको प्रतिवेदनमा भनिएको छ। अनिकाल सेप्टेम्बरको अन्त्यसम्ममा देइर अल-बालाह र खान युनिस प्रान्तहरूमा फैलिने र यसले गाजाको कुल जनसंख्याको तीन चौथाइभन्दा बढी वा लगभग ६ लाख ४१ हजार मानिसहरू प्रभावित हुने आईपीसीले अनुमान गरेको छ।

आईपीसीले गाजापट्टीमा भोकमरीको विश्लेषण गर्न थालेदेखि स्थितिमा सबैभन्दा गम्भीर अवस्था आएको रिपोर्ट गरेको छ, जसलाई 'पूर्ण रूपमा मानव सिर्जित' भनेको छ। द्वन्द्वमा तीव्र वृद्धि र ठूलो संख्यामा मानिसहरू विस्थापित हुनुका साथै खाद्यान्नको मानवीय र व्यावसायिक आपूर्ति पहुँचमा गम्भीर प्रतिबन्धका कारण यस्तो परिवर्तन आएको बताइएको छ।

» बाँकी पृष्ठ ६

## श्रीलंकाका पूर्वराष्ट्रपति रनिल विक्रमासिंघे पक्राउ

**कोलम्बो** (एजेन्सी) : श्रीलंकाका पूर्वराष्ट्रपति रनिल विक्रमासिंघे सरकारी खर्चको दुरुपयोग गरेको आरोपमा शुक्रबार पक्राउ परेका छन्। पूर्वराष्ट्रपति विक्रमासिंघेले सन् २०२३ को सेप्टेम्बरमा हवानामा सम्पन्न विकासशील राष्ट्रहरूको सम्मेलनमा भाग लिएका थिए। त्यसबेला उनले आफ्नो र पत्नीको भ्रमण खर्च सरकारी स्रोतबाट गरेको आरोप लागेको छ।

विक्रमासिंघेले भने उक्त यात्रा व्यक्तिगत भएको र पत्नीका सम्पूर्ण खर्चहरू निजी स्रोतबाट बेहोरेको दाबी गरिरहेका छन्। तर, प्रहरीको अपराध अनुसन्धान विभागले भने विक्रमासिंघेमाथि सो यात्राका लागि सरकारी खर्च प्रयोग गरिएको, साथै त्यस क्रममा सुरक्षाकर्मीहरूको तलब तथा खर्च पनि सरकारी ढुकुटीबाट बेहोरेको आरोप लगाएको छ। विक्रमासिंघे सन् २०२२ को जुलाईमा गोटाबाया राजपाक्षेले राजीनामा दिएपछि बाँकी कार्यकालका लागि राष्ट्रपतिको जिम्मेवारीमा नियुक्त भएका थिए। गोटाबायाको शासनकालमा व्यापक जनप्रदर्शन, भ्रष्टाचार र कुशासनको आरोप लागेको थियो।

# 'सौतेनी आमाको सम्पत्तिमा पनि हक लाग्छ'

## अंश चलन मुद्दामा पूर्ण इजलासको व्याख्या

दिनेश गौतम | *काठमाडौं*

सर्वोच्च अदालतले माइती/मावलीबाट (बकस/दाइजो)स्वरूप पाएको वा जुनसुकै स्रोतबाट पाएको सम्पत्तिमा सौतेनी छोरालाई पनि समान अंश हक लाग्ने फैसला गरेको छ।

न्यायाधीशहरू डा. नहकुल सुवेदी, टेकप्रसाद ढुंगाना र बालकृष्ण ढकालको पूर्ण इजलासले अंश चलन मुद्दामा सौतेनी आमाले आर्जित सम्पत्तिमा सौतेनी छोराको हकमा पनि बन्डा लाग्ने फैसला गरेको हो। अंशबन्डा सम्बन्धमा 'आमा' शब्दले 'सौतेनी आमा' र छोरा शब्दले सौतेनी छोरासमेतलाई समेटेको भनी बुझ्नुपर्ने व्याख्या सर्वोच्चले गरेको छ। 'कानुनले अंशबन्डा प्रयोजनका लागि आमा वा छोराछोरीलाई र सौतेनी आमा वा सौतेनी छोराछोरीलाई समान अर्थमा लिएको भनी बुझ्नुपर्ने देखिन आयो,' फैसलाको पूर्ण पाठमा भनिएको छ, 'स्त्री अंश धनअन्तर्गतका सम्पत्ति आफ्नो उदरतर्फको छोरालाई मात्र पैतृकसरह हुने हो। सौतेनी छोराको हकमा हुन सक्दैन भनी व्याख्या गर्नु न्यायोचित र कानुनी व्यवस्थाको मर्म र भावनाअनुकूल हुने देखिएन।'

सर्वोच्चको पूर्ण इजलासले यसअघिको





नजिरलाई समेत उद्धृत गर्दै बाबुआमाले जुनसुकै स्रोतबाट प्राप्त गरेको सम्पत्ति छोराछोरीका लागि पैत्रिकसरह हुने फैसला गरेको छ। 'सौतेनी आमाले बकसपत्र दाइजो जुनसुकै माध्यमबाट प्राप्त गरेको सम्पत्ति आफ्नो छोराछोरीलाई पैत्रिक हुने, सौतेनीतर्फबाट जन्मेका छोराछोरीका लागि नहुने भनी व्याख्या गर्न नमिल्ने भनी व्याख्या भइसकेको देखियो। उक्त व्याख्यासँग असहमत हुनुपर्ने कुनै कारण देखिन आउँदैन,' फैसलामा उल्लेख छ। सर्वोच्चले शशि पराजुली उप्रेतीविरुद्ध राहुल पराजुली र तुलसा बस्नेतको अंश चलन मुद्दामा फैसला गरेको हो। २०८१ चैत २१ मा भएको फैसलाको पूर्णपाठ बिहीबार सार्वजनिक भएको हो। सर्वोच्चले काठमाडौं जिल्ला अदालत र उच्च अदालतको फैसलालाई सदर गरेको छ।

**सन्तान नभएको भन्दै डीएनए परीक्षणको माग**

२०५९ असोज २ गते काठमाडौं-३५ का नवराज पराजुलीको शशि उप्रेतीसँग विवाह भएको थियो। शशिबाट तीन छोराको जन्म भयो। उप्रेतीसँग विवाह हुनुअघि नै २०५४ सालमा नवराजले तुलसासँग प्रेमविवाह गरेका थिए।

तुलसाबाट २०५५ वैशाख २७ मा त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पताल महाराजगन्जमा छोरा राहुलको जन्म भयो। पत्नीलाई खान लगाउन नदिई घरबाट निकाला गरिदिए। ठूलो भएपछि राहुलले मानाचामल र अंशको समेत माग गर्दै मुद्दा दायर गरे। मुद्दा दायर भए पनि नवराजले आफ्नो विवाह शशिसँग मात्र भएको जिकिर गर्दै राहुल आफ्नो छोरा नभएको दाबी गर्दै डीएनए परीक्षण गर्न माग गरे।

राहुलको तर्फबाट अस्पतालको जन्मदर्ता प्रमाणपत्र पेस भयो। स्कुलको शैक्षिक एवं चारित्रिक प्रमाणपत्र, रजिस्ट्रेसन फर्मसमेत प्रमाणका रूपमा पेस गरिए। ती सबै प्रमाणपत्रमा बुवाको नाम नवराज पराजुली उल्लेख थियो। राहुलले पेस गरेको प्रमाणपत्रमा उल्लिखित नवराज पराजुली आफू नभएको र नाम संयोगले मिल्ने गरेको दाबी गरेका थिए। एकलौटी तयार पार्न सकिने लिखत प्रमाण र मौखिक भनाइलाई आधार लिई नातासम्बन्ध काम हुन नसक्ने जिकिर लिएका थिए।

राहुल जन्मँदा नवराज र जेठी पत्नी (तुलसा)ले चाबहिलमा डेरा लिई बसेका थिए। घरबेटी मेनका सापकोटाले साक्षीको रूपमा यकिन बयान दिइन्। त्यसपछि बल्ल नवराज लत्रिए। सर्वोच्चले फैसलामा भनेको छ, 'सामान्यत: कुनै महिलाले जीवनभर आफ्नो इज्जत, प्रतिष्ठा र स्वाभिमानमा आँच आउने गरी अमूक व्यक्तिलाई लोग्ने देखाई निजको संसर्गबाट बच्चासमेत जन्मिसकेको भनी झुट्टा आरोप लगाउनु हाम्रो सामाजिक परिवेशका सन्दर्भमा समेत स्वाभाविक मानिँदैन। मिसिल संलग्न अन्य प्रमाणसमेतबाट नाता सम्बन्ध देखिइरहेको अवस्थामा आफूलाई जबरजस्ती नाता कायम गराउन खोजेको हो भन्नेले सो कुराको ठोस प्रमाण पेस गरी तर्कसम्मत रूपमा समेत पुष्टि गराउन सक्नुपर्छ।

मुद्दामा प्रतिवादी (नवराज)ले विश्वसनीय प्रमाण देखाई वादी (राहुल)ले पेस गरेको प्रमाण खण्डन गर्न सकेको नदेखिँदा वादीहरू (तुलसा र राहुल) प्रतिवादीमध्ये नवराज पराजुलीका पत्नी र छोरा नाताका देखिन आयो।'

नवराजले डीएनए परीक्षण गर्न माग गरेको सम्बन्धमा पनि सर्वोच्चले प्रस्ट्याएको छ। 'कसैको जैविक (बायोलोजिकल) नाता स्थापित वा खण्डित गर्ने सम्बन्धमा आनुवंशिक परीक्षण (डीएनए) महत्त्वपूर्ण प्रमाण हुने भए तापनि नाता कायम भन्नासाथ डीएनए परीक्षण नै गराउनुपर्ने अनिवार्य हुन्छ भन्ने होइन। साथै, सो प्रमाणलाई अकाट्य र अन्तिम प्रमाणका रूपमा लिन पनि मिल्दैन,' फैसलाको पूर्ण पाठमा भनिएको छ, मिसिल संलग्न अन्य प्रमाणबाट नाताको प्रश्न निरूपण हुन नसकेमा मात्र सो यकिन गर्न थप प्रमाणका रूपमा डीएनए परीक्षण गर्न सकिने हो। तथापि मिसिल संलग्न अन्य प्रमाणबाट नै नाताको प्रश्न निरूपण हुन सक्ने अवस्था छ भने डीएनए परीक्षणको आवश्यकता र औचित्य रहँदैन।'

» बाँकी पृष्ठ ६